२०७८।१।२५

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल
INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

**President**
Mr. Krishna P. Acharya
**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi
**General Secretary**
Er. Gore Sherpa
**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya
**Treasurer**
Mr. Ananda Chaudhary
**Executive Committee Members**
Mr. Bharat Kr. Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokhrel Kadel
Mr. Narendra Ballav Panth
**Imme. Past President**
Mr. Shailendra Guragain

# प्रेस विज्ञप्ती

नेपाललाई अध्यारोबाट उज्यालोको यात्रामा अघि बढाउन वा लोडसेडिङमुक्त नेपाल निर्माणका लागि नेपाल सरकारले जलविद्युत क्षेत्रलाई प्राथमिकतामा राखी समय समयमा विभिन्न सहुलियतहरु घोषणा गरि निजी लगानीकर्ताहरुलाई प्रोत्साहित गरिरहेको भएतापनि उक्त घोषणाहरु कार्यान्वयनमा आउन नसकेको सर्वविधितै छ । नेपाल सरकार मन्त्रिपरिषद्ले वि. सं. २०७२ सालमा उर्जा संकट निवारण कार्ययोजना पारित गरि १० मेगावाट क्षमता सम्मका जलविद्युत आयोजनाहरुलाई लगाईदै आएको हाइड्रोलोजिकल पेनाल्टी हटाउने घोषणा गरेकोमा हालसम्म कार्यान्वयनमा आएको थिएन । नेपालमा निजी लागानीकर्ताहरुको संस्थाहरुमध्ये सबैभन्दा धेरै लगानी रहेको निजी लगानीकर्ताहरुको संस्था **"स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल"** इप्पानको अनवरत् रुपमा निरन्तर प्रयासले विद्युत नियमन आयोगको निर्देशनमा मिति २०७८/१/२६ गते आइतबार बसेको नेपाल विद्युत प्राधिकरणको संचालक समितिको बैठकले हाइड्रोलोजिकल पेनाल्टी कम लगाउने गरि पारित गरेको छ ।

नेपाल सरकारले "नेपालको पानी, जनताको लगानी" भन्ने नाराका साथ १० वर्षमा १५,००० मेगावाट क्षमताका आयोजनाहरु निर्माण गर्ने लक्ष्य हासिल गर्न १० मेगावाट क्षमता सम्मका साना आयोजनाहरुको हाइड्रोलोजिकल पेनाल्टी कम गर्ने निर्णयले ऊर्जामा लगानी थप आकर्षित हुने, १० मेगावाट क्षमता सम्मका संभाव्य नहुने आयोजनाहरु यो निर्णय पश्चात संभाव्य भई निर्माण हुने देखिएको छ । सामान्यतया साना आयोजनाहरु स्वदेशी लगानीमा निर्माण हुनेहुदाँ स्वदेशी लगानीकर्ता उत्साहित भएका छौं । यसको लागि नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाईं मन्त्रालय, माननीय मन्त्रीज्यू, विद्युत नियमन आयोगका अध्यक्षज्यू, सदस्यज्यूहरु, श्रीमान् सचिवज्यू, नेपाल विद्युत प्राधिकरणका संचालकज्यूहरु, प्रवन्ध निर्देशकज्यू र समाचार संप्रेषण

**President**
Mr. Krishna P. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
:. Mohan Kr. Dangi

**General Secretary**
Er. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kr. Khadka
/Ir. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokhrel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

गरि सहयोग गर्नुहुने ऊर्जा पत्रकार मित्रहरुलाई स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

साथै नेपाल सरकारको मिति २०६७ चैत्र ८ गते मन्त्रिपरिषद्‌बाट निर्णय भई २०६७ चैत्र ९ गते व्यवस्थापिका संसदबाट पारित भएको रु. ५० लाख प्रति मेगावाट भ्याट फिर्ता गर्ने निर्णय हालसम्म कार्यान्वयन नभएकोले प्रथम घोषणा भएको मिति २०६७ चैत्र ८ गतेदेखि हालसम्म निर्माण सम्पन्न भई प्रसारण लाइनमा जोडिएका आयोजनाहरुलाई कोभिड-१९ को महामारीलाई समेत मध्यनजर गरी आगामी बजेटमा व्यवस्था गरिदिनहुन र विद्युत उत्पादन, वितरण र प्रसारणको क्षेत्रमा कोभिड-१९ को कारणले पारेको प्रभावहरुको न्यूनीकरण एवं पुनरुत्थानका लागि विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको लागि लाग्ने १ वर्षको दस्तुरमा ७५% छुट दिने मिति २०७७/११/०२ गतेको माननीय मन्त्रीस्तरको निर्णय हालसम्म कार्यान्वयनमा नआएको र विद्युत उत्पादन, वितरण, प्रसारणको क्षेत्रमा पुनः कोभिडले ठूलो असर पारिरहेकोले नेपाल सरकारसंग गरिएका उल्लेखित निर्णयहरु कार्यन्वयन गरिदिनुहुन जोडदार माग गर्दछौं ।

भवदीय,

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION
स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल
२०५८
IPPAN 2001

कृष्णप्रसाद आचार्य
अध्यक्ष
२०७८/१/२९